# पैयूँ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

हुवास पर्वत

गण्डकी प्रदेश नेपाल

# सिलवन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति: २०८२/०९/२२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२क र पैयूँ गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८२/०९/१४ गतेको निर्णय बमोजिम आ.व.२०८२।८३ को लागि यस पैयूँ गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने सेदिखोलामा ढुङ्गा, गिट्टी, बालुवा, संकलन तथा विक्री कर उठाउन प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) का आधार मा तोकिएको परिमाण र स्थानबाट न्यूनतम अंकमा नघट्ने गरि नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक फर्म वा कम्पनीहरुबाट वा निजको अधिकार प्राप्त प्रतिनिधिले यस कार्यालयवाट सिलवन्दी दरभाउपत्र फाराम खरिद गरि रितपूर्वक पेश गर्न सिलवन्दी दरभाउपत्र आह्वान गरिएको छ।

**शर्तहरु:**

१. यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन (२०८२।१०।०६ गते) सम्म कार्यालय समय भित्र कृषि विकास वैक लि, हुवास शाखामा रहेको यस कार्यलयको ग.१.१ आन्तरिक राजश्व खाता ०३१८५०१५०८४०१०७६ वा गाउँपालिकाको राजश्व शाखामा रु.१,०००।-(अक्षरुपी एक हजार मात्र) जम्मा गरेको सक्कल भौचर यस कार्यालयमा पेश गरि सिलवन्दी दरभाउपत्र फाराम प्राप्त गर्न सकिने छ ।

२. दरभाउपत्र फाराम खरिद गर्दा चालु आ.व. का लागी मान्यता प्राप्त भएको फर्म वा कम्पनीले भ्याटमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी, आयकर दर्ता प्रमाणपत्रको प्रतिलिपी साथै आ.व.२०८१।८२ को कर चुक्ता विवरणको प्रतिलिपी संलग्न राखि निवेदन पेश गर्नुपर्ने छ।

३. सूचना प्रकाशित भएको १६ औं दिन (२०८२।१०।०७ गते) दिनको ठिक १२:०० वजे भित्र रितपूर्वक सिलवन्दी दरभाउपत्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ ।

४. रितपूर्वक कार्यालयमा दर्ता भएका सिलवन्दी दरभाउपत्रहरु सूचना प्रकाशित भएको १६ औं दिन (२०८२।१०।०७ गते) दिनको १:०० वजे फर्म वा कम्पनीको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। फर्म वा कम्पनीको प्रतिनिधिहरु उपस्थित नभएमा पनि सिलवन्दी दरभाउपत्र खोल्न वाधा पर्ने छैन। सिलवन्दी दरभाउपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्य विदा लगत्तै पछि कार्यालय खुलेको दिनमा हुनेछ ।

५. दरभाउपत्र फाराम भर्दा सवै विवरण खुलाई केरमेट नगरि कवोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट लेख्नुपर्ने छ। अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईने छ।

६. सिलवन्दी दरभाउपत्र साथ कवोल गरेको जम्मा अंक (भ्याट समेत) को ५ प्रतिशतले हुन आउने जमानत वापतको रकम कृषि विकास वैक लि, हुवास शाखामा रहेको यस कार्यलयको ग.३ धरौटी खाता ०३१८५०१५०८४०१०४१ मा जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाउँमा जारी भएको नियमानुसारको बैंक ग्यारेन्टी पे श गर्नु पर्ने छ ।

७. रित नपुगेको वा कुनै शर्त राखिएका सिलवन्दी दरभाउपत्रहरु स्वीकृत गरिने छैन ।

८. सिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

९. यस सम्बन्धमा अन्य कुराहरु प्रचलित कानुन वमोजिम हुने छ ।

१०. अन्य थप जानकारी आवस्यक भएमा कार्यालय समय भित्र कार्यालयको सम्पर्क नं. ०६७-४१११०१ मा सम्पक गर्न सकिनेछ।

तपसिल

| सि.नं | ठेक्का नं | ठेक्काको नाम | कामको विवरण | न्यूनतम अंक रु. (भ्याट बाहेक) | शिलबन्दी दरभाउपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|
| १ | ०३।२०८२।८३ | ढुङ्गा, गिट्टी, बालुवा, आदिको बिक्री कर संकलन | सेदी खोला नामसारी नाका, त्रिवेणी नाका, डुँडे क्रसर माथी र डुँडे क्रसर मुनी बगरबाट ढुङ्गा, गिट्टी, बालुवा (दहत्तर/बहत्तर) आदिको बिक्री कर संकलन | ४,९२,३०९.७९।- | १,०००।- |

प्रमुख प्रशासकीय अधिकृत